# सामुदायिक बिद्यालयका शिक्षकहरूको जीवन बीमा कोष संचालन कार्यविधि, २०६४


## नागरीक लगानी कोष

पुतलीसडक काठमाडौं

फोन ४-२२८७५९

# नागरीक लगानी कोष

## सामुदयिक बिद्यालयका शिक्षकहरूको जीवन बीमा कोष संचालन कार्यविधि, २०६४

सामुदायिक बिद्यालयमा कार्यरत स्थायी शिक्षकहरूको नेपाल सरकारले तोके बमोजिमको रकम कट्टी गरी त्यसै अनुसारको थप अनुदान समेतको रकमलाई संकलन र लगानी गरी एउटा कोषको व्यवस्था गर्ने र त्यसै कोषबाट शिक्षकहरूलाई बीमा सुबिधा प्रदान गर्ने उदेश्यले जीवन बीमा कोषको संचालन गर्न नागरीक लगानी कोषको संचालक समितिले देहायको कार्यबिधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस कार्यविधिको नाम “सामुदायिक बिद्यालयका शिक्षकहरूको जीवन बीमा कोष संचालन कार्यविधि, २०६४“ रहेको छ ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा -

(क) “ऐन” भन्नाले नागरीक लगानी कोष ऐन, २०४७ सम्झनु पर्छ ।

(ख) “कोष” भन्नाले नागरीक लगानी कोष ऐन, २०४७ बमोजिम स्थापित नागरीक लगानी कोष सम्झनु पर्छ ।

(ग) “संचालक समिति” भन्नाले नागरीक लगानी कोषको संचालक समितिलाई सम्झनुपर्छ ।

(घ) “विनियमावली” भन्नाले ‘नागरीक लगानी कोष (व्यवस्थापन) विनियमावली, २०४८’ सम्झनु पर्छ ।

(ङ) “कार्यक्रम” भन्नाले यस कार्यविधि बमोजिम कोषद्धारा संचालित सामुदायिक बिद्यालयका शिक्षकहरूको जीवन बीमा कोष संचालन कार्यविधि, २०६४ सम्बन्धी कार्यक्रम सम्झनु पर्छ ।

(च) “सहभागी” भन्नाले कार्यक्रममा रकम जम्मा गरी सहभागीको रूपमा दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(छ) “प्रतिफल” भन्नाले कार्यक्रमका सहभागीहरूलाई संचालित कार्यक्रमबाट हुने आयबाट दिइने व्याज बोनस वा यस्तै अन्य कुनै रकम समेत सम्झनु पर्छ ।

(ज) “शिक्षक” भन्नाले सामुदायिक बिद्यालयमा कार्यरत स्थायी शिक्षकलाई सम्झनु पर्दछ ।

(झ) “पारिश्रमिक” भन्नाले शिक्षकले टाइमस्केल बमोजिम प्राप्त गर्ने तलबलाई जनाउने छ ।

(ट) “न्यासधारी प्राबिधिक उपसमिति” भन्नाले यस कार्यबिधिको दफा २० बमोजिम गठन हुने प्राबिधिक उपसमितिलाई सम्झनु पर्छ ।

(ठ) खुद कोष रकम: खुद कोष रकम भन्नाले सहभागीहरूबाट बीमा कोष कट्टी गरी त्यसमा अनुदान समेत थप गरी जम्मा हुन आएको रकममा बीमा प्रिमियम बापत भुक्तानी गरिएको रकम कट्टी गरी हुन आउने रकमलाई सम्झनु पर्दछ ।

३. <u>कार्यक्रमको सञ्चालन :</u>

शिक्षकहरूको मासिक पारिश्रमिकबाट बीमा कोषबापत कट्टी गरी त्यस्मा बिद्यालयको तर्फबाट प्रदान गरीने थप रकम समेत संकलन गरी एक कोष खडा गरी त्यसको लगानी व्यवस्थापन गरी सोबाट आर्जित आय समेत बाट शिक्षकहरूलाई बीमा सुबिधाहरू उपलब्ध गराउने उदेश्यले “सामुदायिक बिद्यालयका शिक्षकहरूको जीवन बीमा कोष, २०६४“ को नामबाट एक बीमा कोष कार्यक्रम संचालन गरीनेछ ।

४. <u>कार्यक्रमको अवधि</u> :

(१) बीमा कोष, कार्यक्रमको अवधि २०६६ आषाढ मसान्तसम्म हुनेछ ।

(२) आवश्यकता अनुसार संचालन अवधि थप गर्न सकिनेछ ।

(३) यस अघिको अवधिको अर्थात २०६४ श्रावण देखि हालसम्मको कोष कट्टी भई जम्मा हुने रकम समेत यसै कार्यक्रममा समावेश गरिनेछ ।

५. <u>कार्यक्रममा सहभागिता रहने</u> :

(१) शिक्षकहरू यस कार्यक्रमका सहभागी हुनेछन् ।

(२) सहभागी शिक्षकहरूले यसैसाथ संलग्न अनुसूची १ बमोजिमको व्यक्तिगत विवरण फाराम र अनुसूची २ बमोजिमको परिचयपत्र भरी आफु कार्यरत बिद्यालयबाट प्रमाणित गराई कोषमा पठाउनु पर्नेछ ।

(३) नयाँ स्थायी नियुक्ति हुने शिक्षकहरूको हकमा नियुक्तिपत्र बुझेको १ महिना भित्र उक्त फारम भरी कोषमा पठाउनु पर्नेछ ।

(४) कोषले उप-दफा (२ र ३) बमोजिम दरखास्त प्राप्त भएपछि शिक्षकको पूर्ण विवरण सहित सहभागी शिक्षक सूचीमा सम्बन्धित शिक्षकको नाम दर्ता गर्नेछ र त्यसरी नाम दर्ता गरीएको ब्यहोरा सम्बन्धित बिद्यालयमार्फत सहभागी शिक्षकलाई जानकारी दिइनेछ ।

६. <u>कार्यक्रममा रकम जम्मा गर्नुपर्ने</u> :

(१) सामुदायिक बिद्यालयहरूले दफा ५ बमोजिम सहभागी शिक्षकको मासिक पारिश्रमिकबाट कट्टा गरीने रू.२००/- र सरकारको तर्फबाट थप गरीने रू.२००/- गरी जम्मा रू.४००/- कोषले तोकेको बैंक खातामा जम्मा गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कट्टी र थप गरेको रकम समेत जोडी पारिश्रमिक वितरण भएको १५ दिनभित्र नागरीक लगानी कोषले तोकेको बैंक खातामा रकम जम्मा गरेको भौचर तथा फाटबारी नागरीक लगानी कोषमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कोष कट्टी गरिएको रकम बैंक खातामा जम्मा नगरी कोषले भुक्तानी पाउने गरी कोषको नाममा ड्राफ्ट पठाउन पनि सक्नेछ ।

(४) कोष कट्टी रकम कोष वा कोषद्वारा तोकिएको बैंक खातामा जम्मा नभएमा वा ड्राफ्ट मार्फत भुक्तानी पठाइएकोमा ड्राफ्ट भुक्तानी नभई कोषको खातामा रकम जम्मा नभएमा सम्बन्धित बिद्यालयलाई जानकारी दिइनेछ । तत्पश्चात उक्त रकमप्रति कोषको कुनै दायित्व रहने छैन र उक्त रकम कोषको खातामा जम्मा गराउनु कोष कट्टी गर्ने सम्बन्धित बिद्यालय तथा सम्बन्धित जिल्ला शिक्षा कार्यालयको कर्तव्य हुनेछ ।

७. <u>बिद्यालयले फांटवारी पठाउनुपर्ने</u> :

(१) दफा ६ को उप-दफा (३) बमोजिम रकम जम्मा गर्ने बिद्यालयले यसैसाथ संलग्न अनुसूची ३ बमोजिमको कोषकट्टी विवरण र बैंक भौचर रकम दाखिला गरेको १५ दिनभित्र कोषमा पठाउनु पर्नेछ । यसरी कट्टा भएको रकम समयमै दाखिला गर्ने दायित्व सम्बन्धित जिल्ला शिक्षा कार्यालय र बिद्यालयको रहनेछ ।

(२) दफा ६ को उप-दफा (४) बमोजिम कोषमा ड्राफ्ट पठाउने बिद्यालयले अनुसूची ३ बमोजिमको विवरण र बैंक ड्राफ्ट खिचेको १५ दिनभित्र सो ड्राफ्ट र विवरण कोषमा पठाउनु पर्नेछ ।

(३) संलग्न अनुसूची ३ बमोजिमको बीमा रकमको फांटवारी २ प्रति तयार गरी १ प्रति बैंक भौचर, १ प्रति फांटवारी मासिक रूपमा कोषमा पठाउनु पर्ने छ । १ प्रति बैंक भौचर र फांटवारी बिद्यालयमा राख्नुपर्नेछ ।

(४) निलम्बन भएको शिक्षकको पनि अन्य स्थायी शिक्षकको सरह बीमा कट्टी थप र दाखिला समेत गर्नु पर्नेछ ।

(५) असाधारण वा वेतलवी विदामा रहेका शिक्षकले तलब नै प्राप्त नगर्ने हंदा सो अवधिको बीमा रकम कट्टा र नेपाल सरकारको तर्फबाट थप समेत हुने छैन ।

(६) एकै पटक १ भन्दा बढी महिनाको बीमा रकम पठाउनु परेको अवस्थामा प्रत्येक महिनाको छुट्टा छुट्टै बिबरण तयार गरी पठाउनु पर्नेछ ।

(७) सरूवा हुंदा रमानापत्रमा कुन महिनासम्मको रकम पठाएको हो सो स्पष्ट उल्लेख गर्ने र सोको बोधार्थ कोषलाई दिनुपर्नेछ ।

८. **कोषमा जम्मा भएको रकममा प्रतिफल दिइने :**

१. कार्यक्रममा सहभागी शिक्षकहरूलाई उनीहरूको बीमा कोष रकममा बार्षिक प्रतिफल बितरण गरिनेछ ।

२. प्रत्येक वर्ष उपनियम (१) बमोजिम सहभागी शिक्षकले पाउने प्रतिफल आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र निजहरूको सम्बन्धित खातामा जम्मा गरीनेछ।

३. बीमा कोष बापत जम्मा भएको खुद कोष रकममा बर्षको अन्त्यमा प्रतिफल बितरण गरीने छ यसरी वितरण गरीने प्रतिफल कोषको लगानी बाट प्राप्त आम्दानीबाट खर्चहरू कट्टी गरी हुन आउने खुद वितरण योग्य (खुद बचत) रकमबाट समानुपातिक रूपमा वितरण गरिने छ । यसरी बितरण गरिने प्रतिफल न्यूनतम आगामी २ बर्ष सम्मको लागि ४ प्रतिशत हुनेछ ।

९. **बीमा कोषको आम्दानीको श्रोत र खर्चहरू:**

(१) **आम्दानीको श्रोत:**

प्रारम्भमा बीमा कोषको व्याज बापत सरकारबाट प्राप्त हुने रकम, बीमा कोष रकम लगानी गरी कोषले आर्जन गरेको आय सरकारबाट प्राप्त हुने सोधभर्ना रकम बीमा कोषमा समावेश हुनेछ ।

(२) **खर्चहरू:**

देहायका खर्चहरूलाई बीमा कोष संचालन खर्चहरूमा समावेश गरीनेछ ।

(क) बीमा कोष संचालन गर्ने क्रममा भएका पूर्व संचालन खर्चहरू ।

(ख) लगानी परिचालन गर्दा लाग्ने कमिशन, शूल्क वा अन्य प्रत्यक्ष खर्चहरू ।

(ग) प्रत्यक्ष संचालन खर्चहरू ।

(घ) व्यवस्थापन शूल्क ।

(३) बीमा गरेबापत बीमा कम्पनीलाई दिने प्रिमियम सहभागी हिसावबाट घटाइने छ ।

९.(क) **बीमा समिकरण कोष:**

कोषले बीमा बापत लगानी गरी प्राप्त रकममध्येबाट प्रत्येक बर्ष तोकिए अनुसारको रकम जम्मा गरी बीमा समिकरण कोष खडा गर्न सक्नेछ ।

१०. **कोष व्यवस्थापन खर्च :**

(१) कोषको कार्यक्रमको व्यवस्थापन गरेबापत सेवा शुल्क स्वरूपम प्रिमियम बापत संकलन भएको कूल रकमको ०.५% (सुन्य दशमलव ५ प्रतिशत) रकम वा बार्षिक कूल आय (Gross Income) को २० % (बीस प्रतिशत) ले हुने रकम मध्ये जुन घटी हुन्छ सो रकम कोषले बार्षिक कट्टी गरी लिनेछ । ( यो प्रयोजनको लागि कूल आय (Gross Income) भन्नाले कोषले बीमा कोषको रकम लगानी गरी आर्जन गरेको व्याज, लाभांश, बोनस वा यस्तै प्रकारको चालु आम्दानीलाई जनाउँदछ ।)

(२) कोषले बीमा कोषको कार्यक्रम संचालन गरेबापत प्रत्यक्ष संचालन खर्चको लागि बार्षिक कूल आयको ८ % (आठ प्रतिशत) रकम वा प्रत्यक्ष संचालन खर्चको बास्तविक रकम (Acutual Expenses) मध्ये जुन घटी हुन्छ सो रकम कोषले कट्टी गरी लिन पाउने छ । (यो प्रयोजनको लागि कूल आय (Gross Income) भन्नाले दफा १० (१) मा उल्लेख गरिएको आयबाट कोषले लिने व्यवस्थापन शुल्कको रकम कटाई बाँकी हुने रकमलाई जनाउनेछ ।

(३) कुनै कारणले उपदफा (२) बमोजिमको खर्च कूल आयको ८% (आठ प्रतिशत) भन्दा बढि भएमा अर्को बर्षबाट लिने गरी जिम्मेवारी सार्न सकिनेछ । अर्को बर्षको बास्तविक खर्च गणना गर्दा यसरी जिम्मेवारी सारी आएको रकम समेत जोडी गणना गरिनेछ ।

११. <u>कार्यक्रममा जम्मा भएको रकमको भुक्तानी</u> :

(क) <u>भुक्तानी पाउने अवस्था:</u>

(१) देहायको अवस्थामा कार्यक्रममा जम्मा भएको रकम सहभागी शिक्षकलाई अनुसूची ४ बमोजिमको फाराम भरी भुक्तानी दिइनेछ :-

(क) शिक्षकले सेवाबाट अवकाश प्राप्त गरेमा,
(ख) शिक्षकको मृत्यु भएमा ।

(२) कुनै शिक्षकको कार्यक्रम हिसावमा जम्मा बांकी भएको रकम भुक्तानी नलिंदै मृत्यु भएमा निजको नाममा रहेको रकम निजले इच्छाएको व्यक्तिलाई र इच्छाएको रहेनछ भने नियमानुसार निजको हकवाला व्यक्तिलाई दिइनेछ ।

(३) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट अवकास हुने शिक्षकले आफ्नो बीमा बापत कट्टी भई कोषमा जम्मा भएको रकम मात्र पाउनेछन् ।

(ख) <u>भुक्तानी प्रकृया:</u>

(१) सेवा निबृत्त हुने शिक्षकले सेवा निबृत्तिको पत्र पेश गर्नु पर्नेछ ।

(२) सेवा अवधिमै मृत्यु भएका शिक्षकको हकमा हकवालाले जिल्ला शिक्षा कार्यालयबाट प्रमाणित गरीदिए अनुसारको कागजात पेश गर्नुपर्नेछ ।

(३) सेवा निबृत्त वा कुनै किसिमबाट अवकास भएको अवस्थामा मात्र बीमा वापत रकम भुक्तानी पाउने छ । वीचमा कुनै प्रकारको रकम भुक्तानी दिइने छैन ।

१२. <u>शिक्षकले पाउने बीमा सुबिधाहरू:</u>

(क) **मृत्यु हुनेको हकमा**

मृत्यु हुनेको हकमा आवधिक जीवन बीमा (TLI) गरेको बीमा कम्पनीले रू.१ लाख व्यहोर्ने छ । त्यसबाट प्राप्त रकम सम्बन्धित कर्मचारीको हकवालालाई हस्तान्तरण गरिने व्यवस्था मिलाइनेछ ।

(ख) उपरोक्त अनुसारको जीवन बीमा सुबिधा २०६४ श्रावण देखि २०६४ माघ मसान्तसम्म मृत्यु हुनेको हकमा लागु हुने छैन ।

(ग) **अवकाश र अन्य अवस्थाको हकमा**

अवकाश हुने शिक्षकहरूको हकमा निजको ब्यक्तिगत हिसाब खातामा जम्मा देखिएको रकम भुक्तानी दिइनेछ ।

१३. <u>बीमा सुबिधाको व्यवस्था:</u>

(क) <u>जीवन बीमा</u>

(१) जीवन बीमा सम्बन्धी व्यवस्था १ बर्ष भित्रमा आपसी सहमतीबाट गरिनेछ ।

(ख) <u>आवधिक जीवन बीमा (TLI):</u>

(१) शिक्षकको मृत्युबाट पर्न सक्ने जोखिमलाई व्यवस्थापन गर्न बीमा कम्पनीहरूमा रू.१ लाखको आवधिक जीवन बीमा (TLI) गर्न सकिने छ ।

(२) उपर्युक्तानुसार गरीने आवधिक जीवन बीमा (TLI) नेपालमा स्वीकृत प्राप्त गर्ने जीबन बीमा कम्पनीहरूमध्ये बाट कुनै एक बीमा कम्पनी छनौट गरी गरीनेछ ।

(३) बीमा कम्पनी छनौट गर्दा इजाजत प्राप्त कम्तीमा तीन वटा जीवन बीमा कम्पनीहरूबाट प्रस्ताव माग गरी देहाय अनुसार छनौट गरीने छ ।

(क) दफा १३ (५) अनुसार कम्पनी मूल्यांकन गर्दा सबै भन्दा बढी अंक प्राप्त गरेको ।

(ख) सर्बसाधारणलाई शेयर बिक्री गरीसकेको आधारमा र धितोपत्र बजारमा सूचिकृत भएको ।

(४) प्रस्ताव माग गर्दा १५ दिनको समय प्रदान गर्नु पर्नेछ । उक्त अवधिभित्र प्राप्त हुन आएका प्रस्तावहरूमध्येबाट छनौट गरिनेछ ।

(५) कम्पनी मूल्यांकन गर्दा देहाय अनुसार अंकभार प्रदान गरीनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रिमियम दर | ६० |
| (ख) | वित्तिय स्थिति | १० |
| (ग) | व्यवस्थापन | २० |
| (घ) | कारोवार आकार | १० |

अंकभार प्रदान गर्दा मूल्यांकन समितिले प्रदान गरेको अंकभारलाई गणना गरीनेछ । यस कार्यबिधि अनुसार गठित प्राविधिक उप समितिले मूल्यांकन समितिको रूपमा समेत कार्य गर्नेछ ।

१४. <u>कोष रकमको लगानी</u> :

१) कार्यक्रम अन्तर्गत प्राप्त भएको रकमलाई कोषले देहायबमोजिम लगानी गर्न सक्नेछ :

(क) समयकालीन कर्जा वा बैंक, वित्त कम्पनी तथा वित्तीय संस्थाहरूमा निक्षेपमा लगानी गर्ने ।

(ख) संगठित संस्थाको शेयर, डिवेन्चर, बोण्ड र नेपाल सरकारको ऋणपत्र वा धितोपत्र खरिद गर्ने ।

(ग) धितोपत्रको प्रत्याभूति वा ब्रिज फाइनान्सिङ्गमा लगानी गर्ने ।

(२) उपदफा (१) बमोजिम लगानी गर्दा कोषले आवश्यक देखेमा न्यासधारी प्राविधिक उप-समितिसंग परामर्श गरी उच्चतम ब्याज वा लाभांश प्राप्त हुने गरी अन्य क्षेत्रमा समेत लगानी गर्न सक्नेछ ।

(३) बीमा कोष रकम लगानी गर्दा यसरी लगानी गर्ने रकमलाई सर्वसाधारणले लगानी गरे सरह मान्यता प्रदान गरीनेछ । सरकारी ऋणपत्र बोण्ड, डिबेन्चर जस्ता धितोपत्रहरूमा लगानी गर्दा बाँडफाँडमा प्राथमिकता प्रदान गरीनेछ ।

१५. <u>कोष रकमको लेखा</u> :

(१) कार्यक्रम अन्तर्गत प्राप्त रकम, त्यसको लगानी, लगानीमा प्राप्त आय समेत कार्यक्रम अन्तरगतको हिसाब किताब छुट्टै देखिने गरी लेखा राखिनेछ ।

(२) कार्यक्रमको प्रत्येक सहभागी शिक्षकको निजले जम्मा गरेको रकम तथा कोषबाट प्रदान गरीएको प्रतिफल समेत देखिने गरी व्यक्तिगत विवरण सहितको हिसाब राखिनेछ ।

(३) लेखा Accrual Basis मा राखिनेछ ।

१६. <u>सहभागी शिक्षकको सरूवा भएमा जानकारी दिनुपर्ने</u> :

(१) कुनै सहभागी शिक्षक कार्यरत बिद्यालयबाट अन्यत्र सरूवा भएमा सम्बन्धित बिद्यालयले सोको जानकारी कोषलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी दिंदा निज सरूवा भएको बिद्यालय र सरूवा हुनुपूर्व त्यस बिद्यालयबाट मासिक कोष कट्टी सम्बन्धी विवरण समेतको जानकारी दिनु पर्नेछ ।

१७. **लेखा परीक्षण:**

स्वीकृत लेखापरीक्षक (चार्टर्ड एकाउण्टेण्ट) बाट लेखापरीक्षण गराइने छ ।

१८. **कार्यक्रम सम्बन्धी अन्य व्यवस्था :**

(१) शिक्षकहरूको व्यक्तिगत बिवरण तयार गरी शिक्षक किताब खानाबाट तयार भएको स्थायी शिक्षकहरूको व्यक्तिगत विवरण कोषलाई उपलब्ध गराउने व्यवस्था शिक्षा तथा खेलकुद मन्त्रालयले गर्नेछ ।

(२) शिक्षकहरूको विवरण राख्न विद्यालय शिक्षक किताबखानासंग समन्वय गर्ने दायित्व शिक्षा मन्त्रालय विद्यालय शिक्षा शाखाको हुनेछ ।

१९. **बीमा कोष योजनाको संचालन कार्यबिधि:**

१. नागरीक लगानी कोष ऐन २०४७ तथा नागरीक लगानी कोष व्यवस्थापन बिनियमावली २०४८ बमोजिम कार्य संचालन र व्यवस्थापन हुनेछ ।

२. योजनाको आफ्नो छुट्टै कोष (फण्ड) हुनेछ । सो कोष (फण्ड) को संचालन गर्दा नागरीक लगानी कोषले ट्रष्टी (न्यासधारी) को हैसियतले सेवाहरू उपलब्ध गराउनेछ ।

३. योजना अन्तरगत बीमा कोषको रेख देख संचालन र दक्ष व्यवस्थापनको निमित्त देहाय बमोजिमको एउटा छुट्टै न्यासधारी प्राबिधिक उपसमिति गठन गरीनेछ ।

| | | |
|---|---|---|
| (क) | कोषको कार्यकारी प्रमुख | अध्यक्ष |
| (ख) | कोषको संचालक समितिले तोकेको एक जना संचालक | सदस्य |
| (ग) | बीमितको तर्फबाट सरकारले (रा.प.प्रथम श्रेणी, शिक्षा तथा खेलकुद मन्त्रालय) मनोनयन गरी पठाएको एक प्रतिनिधि | सदस्य |
| (घ) | शिक्षकहरूको तर्फबाट एक जना प्रतिनिधि | सदस्य |
| (ङ) | बीमा सम्बन्धी बिशेषज्ञ एक जवान (संचालक समितिबाट मनोनित) | सदस्य |
| (च) | बिद्यालय शिक्षक किताबखानाका महानिर्देशक | सदस्य |
| (छ) | कोष संचालन गर्ने कार्यक्रम प्रमूख | सदस्य सचिव |

५. **न्यासधारी प्राबिधिक उप-समितिको काम कर्तव्य र अधिकार:**

(१) कार्यक्रमको रकम परिचालनको लागि लगानी नीति निर्धारण गर्न ढाँचा तोक्ने ।

(२) कार्यक्रमको हिसाव किताव राख्ने सम्बन्धमा नीतिहरू निर्धारण गर्ने ।

(३) कार्यक्रमको हिसाव किताव राख्ने, राख्न लगाउने र सोको सुरक्षाको व्यवस्था गर्ने ।

(४) कार्यक्रम अन्तर्गत भएको लगानीको निरन्तर अनुगमन गर्ने र मार्ग दर्शन दिने ।

(५) बीमा कोष कार्यक्रमको दायित्व निर्धारण गर्ने र वासलात तथा नाफा नोक्सान हिसाव तथा बित्तिय विवरणहरू प्रमाणित गर्ने / स्वीकृत गर्ने ।

(६) कार्यक्रमको लेखा परीक्षण गराउने र लेखा परीक्षणबाट औल्याइएका बेरूजुहरू नियमित गराई फर फारक गर्ने ।

(७) कार्यक्रम अन्तर्गतको आम्दानी बाँडफाँड गर्न प्रतिफल बितरण सम्बन्धी आवश्यक निर्णय गर्ने ।

(८) कार्यक्रमको प्रगति विवरण तयार गरी आर्थिक बर्ष समाप्त भएको २ महिना भित्र कोषको संचालक समिति समक्ष पेश गर्ने ।

(९) कार्यक्रमको प्रगति विवरणहरू प्रकाशित गर्ने ।

(१०) संचालक समितिले तोकिदिएका अन्य कार्यहरू ।

६. <u>प्राबिधिक उप समितिको बैठक:</u>

(क) प्राविधिक उप समितिको बैठक उप-समितिका अध्यक्ष्यले बोलाउनेछन् ।

(ख) प्राविधिक उप समितिको बैठक कम्तिमा आर्थिक बर्ष भरीमा ३ पटक र बढीमा १२ पटक बस्नेछ ।

(ग) बैठकमा भाग लिएबापत प्राविधिक-उप समितिमा अध्यक्ष्य र सदस्यहरूलाई प्रति बैठक कोषको संचालक समितिले पाए सरह भत्ता प्रदान गरीनेछ ।

२०. यस कार्यविधिमा बीमा कोष संचालन सम्बन्धी प्रकृयागत कठिनाई परेमा कोषको संचालक समितिले कार्यबिधि संशोधन गर्न सक्नेछ ।

(क) <u>नेपाल सरकारको अधिकार :</u>
बीमा कोष संचालनका लागि नेपाल सरकार शिक्षा मन्त्रालयले उपयुक्त देखेको बिषयहरूमा कोषलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२१. <u>कोषले शर्तहरूमा परिवर्तन गर्न सक्ने</u> :

(१) कोषले नेपाल सरकार शिक्षा मन्त्रालयको पूर्व स्विकृति लिई बीमा कोष योजनाका शर्तहरू समय-समयमा थपघट गर्न वा परिवर्तन गर्न सक्नेछ र त्यसरी थपघट वा परिवर्तन गरिएका शर्तहरू यी नियमहरूमा परेसरह मान्य हुनेछन् ।

(२) उप-नियम (१) बमोजिम शर्तहरूमा थपघट वा परिवर्तन गरेको कुरा कोषले शिक्षकहरूको जानकारीको लागि नेपालको प्रमुख पत्रपत्रिकामा प्रकाशित गर्नेछ ।

(३) यस कार्यबिधिको संचालनको लागि आवश्यक पर्ने निर्देशिकाहरू तयार गर्ने र अनुसूचीहरूमा आवश्यकता अनुसार थप घट र परिवर्तन गर्ने अधिकार कोषमा निहित रहने छ ।

अनुसूची १

# नागरीक लगानी कोष

(नागरीक लगानी कोष ऐन २०४७ अन्तर्गत स्थापित)
पुतलीसडक, काठमाण्डौं ।

सामुदायिक बिद्यालयका शिक्षकहरूको जीवन बीमा कोष, २०६४
सहभागीका लागि दिने दरखास्त फारम

श्री नागरीक लगानी कोष
पुतलीसडक, काठमाण्डौं ।

मार्फत : श्री ...................... बिद्यालय ................

बिषयः सामुदायिक बिद्यालयका शिक्षकहरूको जीवन बीमा कोष,२०६४ मा सहभागी हुने बारे ।

कोषले संचालन गरीरहेको "सामुदायिक बिद्यालयका शिक्षकहरूको जीवन बीमा कोष संचालन कार्यविधि, २०६४" बमोजिम मासिक पारिश्रमिकबाट बीमा कोष कट्टा गरी जम्मा गराउन मन्जूर भएकोले उक्त कार्यक्रममा सहभागी हुन देहायका विवरण सहित अनुरोध गर्दछु ।

बीमा कोषकट्टी शुरू मिति : ......................................

**व्यक्तिगत बिबरणः**

| | |
|---|---|
| शिक्षकको नाम, थरः | |
| दर्जाः | |
| बाबुको नामः | |
| संकेत नं.: | |
| बाजेको नामः | |
| स्थायी ठेगानाः | |
| बिद्यालयको नामः | |
| शिक्षकको सही | |
| सम्बन्धित बिद्यालयले प्रमाणित गर्ने<br>माथि उल्लेख गरे अनुसारको यस बिद्यालयका शिक्षकको उल्लेखित विवरणहरू र निजको दस्तखत ठीक साँचो हो । निजले दस्तखतमा उल्लेख गरे अनुसार मासिक पारिश्रमिकबाट रू.२००/- कट्टा गरी सोही बराबर रकम बिद्यालयबाट थप गरी कोषले तोके अनुसार जम्मा गरी सो को विवरण र बैंक भौचर / ड्राफ्ट कोषमा पठाउने व्यवस्था मिलाइनेछ । | |
| लेखामा काम गर्नेः | बिद्यालय प्रमुखः |
| लेखा प्रमुखः | दस्तखतः |
| दस्तखतः | नामः |
| नामः | दर्जाः |
| दर्जाः | मितिः |
| मितिः<br><br>बिद्यालयको छाप : | |

अनुसूची २

संकेत नं..........

# नागरीक लगानी कोष

सामुदायिक बिद्यालयका शिक्षकहरूको जीवन बीमा कोष, २०६४
(नागरीक लगानी कोष ऐन २०४७ अन्तर्गत स्थापित)
पुतलीसडक, काठमाण्डौं ।

बीमा प.प.नं.: ....................
ना.पं.नं : ...................... जिल्ला: ..........................
शिक्षकको नाम, थर : ..........................................
पद: ...................................................................
बाबुको नाम: ........................................................
बाजेको नाम: .......................................................
स्थायी ठेगाना: ..........................................
जन्म मिति: ..............................................
परिचयात्मक चिन्ह : ..................................
बिद्यालयको नाम: .......................................
बिद्यालयको ठेगाना: ....................................
स्थायी नियुक्ती मिति: .................................
शिक्षकको दस्तखत: ..................................

फोटोमा समेत पर्नेगरी शिक्षकको दस्तखत

| दायाँ | बायाँ |
|---|---|
| | |
| शिक्षकको औठाको छाप | |

इच्छाइएको व्यक्तिको फोटो

इच्छाइएको व्यक्तिको नाम, थर : ............................

स्थायी ठेगाना: : ..............................................
इच्छाइएको व्यक्तिको दस्तखत : ............................

इच्छाइएको व्यक्तिको फोटो

<u>सम्बन्धित बिद्यालयले दस्तखत गर्ने:</u>
उल्लेख गरेअनुसारको सम्बन्धित शिक्षक/कर्मचारीको उल्लेखित विवरणहरू र निजको दस्तखत ठिक साँचो हो भनी प्रमाणित गरीएको छ ।

| दायाँ | बायाँ |
|---|---|
| | |

इच्छाइएको व्यक्तिको औठाको छाप

प्रमाणित गर्ने बिद्यालय प्रमुखको सही:
नाम: ..........................................

दर्जा : ........................................
मिति: .......................................
बिद्यालयको छाप:

नागरीक लगानी कोषको
अधिकृतको सही : .................
मिति:

अनुसूची ३

**कोषमा बीमा रकम जम्मा गर्दा बिद्यालयले बनाउने फाँटवारीको नमूना:**

नागरीक लगानी कोष

सामुदायिक बिद्यालयका शिक्षकहरूको जीवन बीमा
कोष कट्टी फाँटवारी नमूना

मिति: २०६ / /

बिद्यालयको नाम:-

ठेगाना तथा छाप:-

बिद्यालयको कोड:-

बिद्यालयको फोन नं.:

कोष कट्टी साल र महिना:-

बैंक दाखिला मिति:-

बैंक दाखिला रकम:-

दाखिला बैंकको नाम ठेगाना:-

श्री नागरीक लगानी कोष

पुतलीसडक, काठमाण्डौं ।

यस बिद्यालयका निम्न शिक्षकहरूको फाँटवारी र बैंक दाखिला भौचर समावेश गरी आवश्यक कार्यार्थको लागि पठाइएको छ ।

| सि.नं. | पद | नाम, थर | बीमा परिचयपत्र नं. | बीमा बापतको ना.ल.कोष कट्टी रकम | | | कोड | सिटरोल नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | मासिक तलबबाट | नेपाल सरकारको तर्फबाट थप | जम्मा कट्टी | | | |
| | | | | | | | | | |
| | | जम्मा | | | | | | | |

.. .............. .................. ................

तयार गर्ने लेखापाल अधिकृत

नोट: प्रत्येक शिक्षकको परिचय पत्र नं. र बिद्यालय कोड नं. प्रथमपटक कोषले प्रदान गर्नेछ । त्यसपछि बिद्यालयले भर्नुपर्नेछ । नयाँ सहभागी र सरूवा भई आएका शिक्षकहरूको सम्बन्धमा कैफियतमा जनाउनुहोला । अन्यथा हिसाव फरक पर्न सक्नेछ ।


**नागरीक लगानी कोष**

**सावधिक जिवन बीमा कोष आयोजना**

पुतलीसडक, काठमाण्डौं ।

फोन नं. : ४२२८७५९, ४२४०६१९

फ्याक्स नं.४२४०६४५

अनुसूची ४

मितिः : ..................

**नागरीक लगानी कोष**

काठमाण्डौ

( बीमा रकम माग दावी गर्नेले भर्ने आवेदन)

**बिषयः बीमा कोष रकम भुक्तानी पाऊ ।**

महोदय,

म/मेरो (नाता)....................................................................................

को सेवाबाट अवकास/ राजिनामा /मृत्यु भएको हुदा सामुदायिक बिद्यालयका शिक्षकहरूको जीवन बीमा कोष संचालन कार्यबिधिमा व्यवस्था भए अनुरूपको बीमा रकम नियमानुसार भुक्तानी पाउनु अनुरोध गर्दछु ।

१. शिक्षकको नामः ......................................................................................

२. ठेगानाः क) स्थायी ......................... अञ्चल .................... जिल्ला ...................
गा.बि.स./न.पा.................................................................... वार्ड नं. .................
(ख) हालको ......................... अञ्चल ............................. जिल्ला .....................
गा.बि.स./न.पा. .................................................................वार्ड नं. ..................

३. बाबुको नामः ...................................... ४. बाजेको नामः .....................................

५. कोष कट्टी गरीएको बिद्यालयहरूको विवरणः

| सि.नं | बिद्यालयको नाम | ठेगाना | कोडा | बीमा कोषकट्टी मिति | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

६. नागरीक लगानी कोष बीमा कोष बाहेक अन्य अवकास कोष भुक्तानी बापत जम्मा रकम रू. .................... लिएको छु

७. उपरोक्त व्यहोरा ठीक साचो हो भुठ्ठो ठहरे ऐन कानून बमोजिम सहुँला बुझाउँला भनी सही गर्नेः

**औंठाको छाप**

**नामः** .......................................

पद/नाताः.........................................

बीमा परिचय पत्र नं.: ....................

दस्तखतः

...........

८. उपरोक्त अनुसार दस्तखत गर्ने आवेदकलाई म राम्ररी चिन्दछु । निजले उल्लेख गरेको उपर्युक्तानुसार व्यहोरा ठीक साँचो हो भनी प्रमाणित गर्ने (अधिकृत कर्मचारी)

दस्तखत : ............................
नाम : ................................
पद : ................................
कार्यालयको छाप :

# कार्यालयले भर्ने

(दर्ता फाँट) रूजु गर्नेको दस्तखत: ..................................

दर्ता मिति: ............................ दर्ता नं. .......................... दर्ता गर्नेको दस्तखत: ..................

---

कार्यक्रम इकाइले भर्ने :

श्री हिसाव फाँट,

निम्नानुसार भुक्तानी गरीदिनु होला ।

१) भुक्तानी पाउनेको नाम: ................................................२) संकेत नं. ............

३) सांवा रू. .....................................

४) मिति ................ सम्मको व्याज रू. ............ ५) कर कट्टी रू........................

जम्मा रू. ............................... (अक्षरेपी ............................................................)

.................... ....................... ...................... .....................

पेश गर्ने जाँच गर्ने सिफारिश गर्ने स्वीकृत गर्ने

................................................ बैंक उपर खिचिएको नं. ............ को चेकबाट उपरोक्त भुक्तानी प्राप्त भयो ।

औठाको छाप

| | |
|---|---|
| | |

........

रकम बुझ्नेको दस्तखत

मिति: .........................

भौचर नं. .................. लेखापालको दस्तखत .........................